केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२१/०६७/६८ मिति: २०६७/१२/०४

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको इ.प्रा.निर्देशन नं. ३/०६७ को बुँदा नं. ११ (३) मा भएको व्यवस्थालाई परिपत्र ५ मिति २०६७।६।५ मा परिमार्जित व्यवस्थामा खण्ड (ग) को उपबुँदा (३) लाई संशोधन गर्ने तथा खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गर्ने ।

*(३) कर्जा प्रवाह गर्दा तोकिएको समयावधि अनुसारको सीमा नाघ्नेगरी इजाजतपत्रप्राप्त संस्थाले उक्त प्रयोजन/Product हरुमा प्रदान गरेको कर्जाको पुनरसंरचना वा नवीकरण गर्न पाउने छैनन् ।*

*तर, यस परिपत्रको संरचना एवं भावनालाई प्रतिकूल असर नपार्ने गरी अन्य सम्पूर्ण व्यवस्थालाई यथावत कायम राखी रियल स्टेट कर्जा सुविधा उपभोग गरेका ऋणीले **सम्पूर्ण बक्यौता ब्याज भुक्तानी गरेको अवस्थामा आ.व. २०६७/६८ को लागि एक पटक मात्र नवीकरण गर्न सक्ने** छ ।*

*(घ) व्यक्तिगत आवासीय घर कर्जा ( **Home Loan** ) सम्बन्धमा*

***(१) खण्ड (ख) र (ग) बमोजिम सीमा गणना गर्दा रु. ६० (साठी) लाख वा सो भन्दा कमको व्यक्तिगत आवासीय घर कर्जालाई समावेश गर्नुपर्ने छैन ।***

***(२) व्यक्तिगत आवासीय घर कर्जा भन्नाले बैंक/वित्तीय संस्थाले ग्राहकको आयश्रोत हेरी सो श्रोतले पर्याप्त धान्ने किस्ता कायम गरी उक्त ग्राहकले आफैं प्रयोग गर्ने वा भाडामा लगाउने उद्देश्यले घर निर्माण, घर/अपार्टमेन्ट खरिदको लागि प्रवाह गरेको आवासीय घर कर्जा (Home Loan) लाई मात्र बुझाउनेछ ।***

***(३) यो खण्ड बमोजिमको व्यक्तिगत आवासीय घर कर्जा प्रवाह गर्दा बैंक/वित्तीय संस्था आफैंले Product Paper तयार गरी सम्बन्धित संस्थाको संचालक समितिले स्वीकृत गरे पश्चात मात्र यस्तो प्रकृतिको कर्जा प्रवाह गर्नुपर्ने छ ।***

***(४) यो खण्ड बमोजिमको व्यक्तिगत आवासीय घर कर्जा एउटा बैंक/वित्तीय संस्थाबाट एउटा परिवारलाई एउटासम्म मात्र प्रदान गर्न सकिने छ ।***

२. एकीकृत निर्देशन, २०६७ को ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क), ने.रा.बैंक निर्देशन फा.नं. ९.१४ र अनुसूचि ४.अ लाई खारेज गरी यसैसाथ संलग्न संशोधित ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क), ने.रा.बैंक निर्देशन फा.नं. ९.१४ र अनुसूचि ४.अ लागू गर्ने ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको इ.प्रा.निर्देशन नं. २/०६७ को बुँदा नं. १६ (क) को खण्ड २ (क) र (ख) तथा खण्ड ३ मा देहाय बमोजिम संशोधन गर्ने ।

*(२) Margin Call सम्बन्धी व्यवस्था :*

*(क) शेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले Margin Call गर्नुपरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो को मूल्य अनुगमन गरी बढीमा ७ दिनभित्रमा निर्देशित सीमाभित्र ल्याउन ऋणी ग्राहकलाई सूचित गरी Margin Call गर्नु पर्नेछ ।*

*तर, सुरक्षणमा राखिएको शेयरको मूल्यमा १० प्रतिशतसम्मले घटेको अवस्थामा Margin Call गर्न बाध्य हुने छैन ।*

*(ख) खण्ड (क) बमोजिम सूचना जारी गरेपछि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले **Margin Call गरेको मितिले ३५ दिनभित्र** सम्बन्धित ऋणी/ग्राहकबाट Margin वापतको रकम जम्मा गराई सक्नु पर्नेछ ।*

(३) यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुने छैन । शेयर धितो कर्जा (Margin type Lending) उपभोग गरिरहेका ऋणीले आफूले लिएको कर्जाको **सम्पूर्ण बक्यौता ब्याज भुक्तानी गरेको अवस्थामा सो कर्जालाई आ.व. २०६७/६८ को लागि एक पटक मात्र नवीकरण गर्न सकिने छ ।**

*तर, अन्य प्रयोजनको लागि प्रवाह भएको कर्जाको लागि थप सुरक्षणस्वरुप ऋणीले दिएको शेयर धितोको हकमा यो व्यवस्था लागू हुने छैन । सम्बन्धित बैंक/वित्तीय संस्थाले कर्जा प्रयोजनका सम्बन्धमा आवश्यक सूचना, तथ्यांक र विवरण सम्बन्धित कर्जा फाइलमा अद्यावधिक गरेको हुनु पर्नेछ । सो सम्बन्धमा थप धितो सुरक्षणस्वरुप लिइने त्यस्तो शेयर, अतिरिक्त धितोको रुपमा मात्र रहने छ ।*

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।